## विभिन्न विश्वविद्यालयको उप कुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि, २०८३

स्वीकृत मिति २०८३।१।२४

प्रस्तावनाः "सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३" को दफा २ को उपदफा (१) बमोजिम त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय र राजर्षि जनक विश्वविद्यालयका उपकुलपतिहरु पदमुक्त भई रिक्त रहेको पदमा उपकुलपति नियुक्तिका लागि सिफारिस गर्न सम्बन्धित विश्वविद्यालयहरुको ऐन बमोजिम उल्लिखित विश्वविद्यालयका कुलपतिबाट सिफारिस समिति गठन भएको, उच्च शिक्षाको क्षेत्रमा अनुभव भएका योग्यतम् व्यक्ति खुला प्रतिष्पर्धाको माध्यमबाट छनोट गरी उपकुलपतिमा नियुक्तिको लागि सिफारिस गर्नु पर्ने भएकाले उम्मेदवार छनोटका विधि, आधार, प्रक्रिया तय गरी उपकुलपति सिफारिससम्बन्धी कार्य व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

उल्लिखित विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिस गर्न गठित सिफारिस समितिले आफ्नो कार्य व्यवस्थित गर्न देहायको एकीकृत कार्यविधि बनाई लागू गरेको छ।

**१.<u>संक्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यस कार्यविधिको नाम "विभिन्न विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि, **२०८३**" रहेको छ।

(२) यो कार्यविधि सिफारिस समितिबाट स्वीकृत भएको मिति देखि प्रारम्भ भई उपकुलपति नियुक्त नहुँदासम्म कायम रहनेछ।

**२.<u>परिभाषा</u>ः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले उल्लिखित विश्वविद्यालयहरुको उपकुलपति छनौट तथा सिफारिस समितिको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उम्मेदवार" भन्नाले उल्लिखित विश्वविद्यालयहरुको उपकुलपतिको पदमा नियुक्तिको लागि दरखास्त स्वीकृत भएको उम्मेदवार सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले उल्लिखित विश्वविद्यालयहरु सम्बन्धी विद्यमान ऐन सम्झनु पर्छ।

(घ) "नजिकका नातेदार" भन्नाले 'पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, धर्मपुत्र वा धर्मपुत्री राख्ने बाबु आमा, सौतेनी बाबु, सौतेनी आमा, बाजे, बज्यै, नाति, नातिनी, दाजु, भाइ, दिदी,

बहिनी, ठूलोबाबु, काका, काकी, सानोबाबु, सानीआमा, भतिजा, भतिजी, सासू, ससुरा, जेठाजु, जेठानी, देउरानी, नन्द, देवर, भाउजू, बुहारी, मामा, माइजू, भान्जा, भान्जी, साला, साली, फुपू, फुपाजु, आमाजू, भदा, भदै, भिनाजु, ज्वाइँ, जेठान सम्झनु पर्नेछ।

(ङ) "पदाधिकारी" भन्नाले प्रचलित कानुन बमोजिम स्थापित विश्वविद्यालय वा सो सरहका शैक्षिक उपाधि प्रदान गर्ने प्रतिष्ठानका पदाधिकारीसमेतलाई जनाउँछ।

(च) "विश्वविद्यालय" भन्नाले प्रस्तावनामा उल्लिखित विश्वविद्यालयहरु सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले प्रस्तावनामा उल्लिखित विश्वविद्यालयहरुको ऐन बमोजिमको उपकुलपति सिफारिस समिति सम्झनु पर्छ।

३. **<u>बैठक सम्बन्धी कार्यविधिः</u>**(१) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठकको गणपुरक सङ्ख्या लागि समितिको अध्यक्ष र कम्तीमा एकजना सदस्य उपस्थित भएको हुनु पर्नेछ।

(४) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ र सर्वसम्मत हुन नसकेमा अध्यक्ष सहितको बहुमतले गरेको निर्णय समितिको निर्णय हुनेछ।

(५) समितिको निर्णय अध्यक्ष र एक जना सदस्यको हस्ताक्षरपछि प्रमाणित भएको मानिनेछ।

(६) समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्णय गरी निर्धारण गरे बमोजिम हुनेछ।

४. **<u>आवश्यक न्यूनतम योग्यताः</u>** (१) यस कार्यविधि बमोजिम विश्वविद्यालयको उपकुलपति नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा विद्यावारिधी उपाधि प्राप्त गरेको,

(ख) अनुसन्धान र प्राज्ञिक क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको,

(ग) शैक्षिक वा प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापनसम्बन्धी सिप र कौशल प्रदर्शन गरेको,

(घ) चालिस वर्ष उमेर पूरा भएको,

(ङ) उच्च नैतिक चरित्र भएको,

(च) प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य नरहेको,

(छ) आवेदकको सम्बन्धित् विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको,

(ज) नेपाली नागरिक भएको,

(ञ) दरखास्त दिने समयमा कुनै राजनीतिक दलको सदस्य नरहेको।

(२) लुम्बिनी वौद्ध विश्वविद्यालयको हकमा उपदफा (१) को खण्ड (क) को सट्टा देहायको व्यवस्था गरिएको छ

मान्यता प्राप्त विश्वविद्यालयबाट वौद्ध दर्शनसम्बन्धी विषयमा कम्तिमा विद्यावारिधी उपाधि हासिल गरेको

(३) कृषि तथा वनविज्ञान विश्वविद्यालयको हकमा उपदफा (१) को खण्ड (क) को सट्टा देहायको व्यवस्था गरिएको छ

मान्यता प्राप्त विश्वविद्यालयबाट कृषि, भेटेरेनरी वा वनविज्ञान विषयमा कम्तिमा विद्यावारिधी उपाधि हासिल गरेको

५. **<u>सूचना प्रकाशन गर्ने</u>:** (१) विश्वविद्यालयको उपकुलपति नियुक्तिको लागि इच्छुक योग्य व्यक्तिले दरखास्त दिन पाउने गरी राष्ट्रिय दैनिक पत्रिका, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालय अनुदानको वेवसाइटमा १० दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित समयावधिभित्र तीन जनाभन्दा कम व्यक्तिको दरखास्त पेश हुन आएमा समितिले पेश हुन आएका दरखास्त कायमै राखी दरखास्त पेश गर्न बढिमा ३ दिनको समयावधि थप गर्न सक्नेछ।

(३) समितिले उपदफा (१) बमोजिमको अवधिमा पेश हुन आएका दरखास्त तथा उपदफा (२) बमोजिम म्याद थप भएको अवस्थामा त्यस्तो अवधिमा प्राप्त हुन आएका दरखास्तको मूल्याङ्कन प्रक्रियामा समावेश गर्नु पर्नेछ।

६. **<u>दरखास्त साथ पेश गर्नुपर्ने कागजात</u>:** (१) न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त साथ देहायका विवरण तथा प्रमाणित कागजातहरू समाबेश गर्नुपर्नेछः-

(sस्नातकोत्तर तह र विद्यावारिधि तहको शैक्षिक उपाधिको प्रमाण पत्रको प्रतिलिपि

(१) विश्वविद्यालयको प्राध्यापक पदमा नियुक्त भएको भए नियुक्तिपत्रको प्रतिलिपि,

(२) उच्च शिक्षाको विकास, संवृद्धि, शैक्षिक प्रशासन तथा व्यवस्थापनका क्षेत्रमा कुनै पुस्तक लेखी प्रकाशन गरेको भए सोको प्रति,

(३) प्रचलित कानुन बमोजिम स्थापित कुनै विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारी वा कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा सो सरहका उच्च शैक्षिक संस्था वा निकायको पदाधिकारीको पदमा अनुभव हासिल गरेको भए सो खुलेको विवरण तथा प्रमाणको प्रतिलिपि,

(४) अनुसन्धान र प्राज्ञिक क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको विवरण तथा प्रमाणको प्रतिलिपि,

(५) अनुसूची-२ मा उल्लेख भए बमोजिमका Ranked Journal तथा समकक्ष समिक्षित जर्नल (Peer-Reviewed Journal) मा उच्च शिक्षासङ्ग सम्बन्धित तथा आफ्नो विषय क्षेत्रसँग सम्बन्धित अनुसन्धानमूलक लेख प्रकाशन गरेको भए सोको DOI वा webpage address

(६) प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सफलतापूर्वक सम्पन्न गरेको भए सोको विवरण तथा प्रमाणको प्रतिलिपि,

(७) बढिमा पाँच हजार शब्दसम्मको आवेदन गर्न लागेको विश्वविद्यालयको सोच पत्र (Vision Paper) र आफ्नो रणनीतिक कार्ययोजना (Strategic Action Plan of University)। (यसरी सोच पत्र र कार्ययोजना पेश गर्दा खण्ड क मा सोचपत्र र खण्ड ख मा कार्य योजना हुने गरी दुई खण्डमा विभाजन गरी तयार गर्नु पर्नेछ।

(८) नेपाली नागरिकताको प्रतिलिपि,

(९) आवेदन दिन लागेको विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको ब्यहोरा खुलेको स्वघोषणा पत्र तथा प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नभएको, हाल कुनै राजनीतिक दलको सदस्य नरहेको र कुनै पनि लेख तथा प्रकाशनमा Plagiarism नगरेको स्वघोषणा पत्र।

(२) उपदफा (१) को खण्ड (ज)) बमोजिमको सोच पत्र (Vision Paper) र रणनीतिक कार्ययोजना (Strategic Action Plan of University) अंग्रेजीमा भए Times New Roman 12 र नेपालीमा भए युनिकोडमा १२ फन्ट साइज र double line space मा तयार गरी कभर पेजमा आफ्नो विवरण

खुलाई सो बाहेक शुरु देखी अन्त्यसम्मका पृष्ठमा आवेदक पहिचान हुने कुनै प्रकारको संकेत वा चिन्ह नरहने गरी छुट्टै खामबन्दी गरी पेश गर्नु पर्नेछ।

(३) एक जना उम्मेदवारले बढीमा दुई विश्वविद्यालयको उपकुलपतिको पदमा आवेदन गर्न सक्नेछ। आवेदन पेस गर्दा तोकिएको लिङ्कमा गई तोकिए बमोजिमका विवरण भरी तथा कागजात अपलोड गरी पेस गर्नु पर्नेछ। यसरी आवेदन दिदा बढीमा दुई विश्वविद्यालयको उपकुलपति पदका लागि आवेदन गर्न सकिनेछ।

७. **<u>दरखास्त स्वीकृति वा रद्द गर्न सक्नेः</u>** (१) दरखास्तका लागि यस कार्यविधिको दफा ४ र ६ बमोजिमको प्रक्रिया पूरा भई प्राप्त भएका दरखास्त स्वीकृत गरी उम्मेदवारलाई छनोट प्रक्रियाका लागि सूचीकृत गरिनेछ।

(२) न्यूनतम योग्यता पूरा नगरेको वा गलत तथा झुट्टा कागजात पेश गरेको पाइएमा समितिले जुनसुकै बखत त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ।

८. **<u>छनौट विधिः</u>**(१) समितिले उम्मेदवारबाट दरखास्तसाथ पेश हुन आएका योग्यता, अनुभव, आफैले लेखि सोमा आईएसबीएन (ISBN) प्राप्त गरी प्रकाशित पुस्तक, अनुसन्धानात्मक परियोजना तथा लेख कृति, विश्वविद्यालयसम्बन्धी सोचपत्र तथा विश्वविद्यालयको रणनीतिक कार्ययोजनासहितको मूल्याङ्कन, उम्मेदवारले गरेको प्रस्तुतिकरण तथा अन्तर्वार्ताको आधारमा सर्वाधिक अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवार छनोट गरी वर्णानुक्रमका आधारमा उपकुलपति नियुक्तिको लागि कुलपति समक्ष सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिमको छनोट विधिमा जम्मा एक सय पूर्णाङ्कलाई आधार बनाई गरिनेछ र सोको मूल्याङ्कन देहायका आधारमा हुनेछः-

(क) प्राध्यापक पदमा कार्यरत अनुभव

(ख) स्वदेशी वा विदेशी विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारीको अनुभव,

(ग) उच्च शिक्षाको विकास, संवृद्धि, शैक्षिक प्रशासन तथा व्यवस्थापनका क्षेत्रमा किताव प्रकाशन गरेको भए सो वापतको अङ्क,

(घ) प्राज्ञिक अनुसन्धानमूलक परियोजना,

(ङ) समकक्ष समिक्षित जर्नल (Peer-Reviewed Journal) तथा Ranked Journal मा प्रकाशित अनुसन्धानमूलक लेख,

(च) विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper) र विश्वविद्यालयको रणनीतिक कार्ययोजना (Strategic Action Plan) को मूल्याङ्कन,

(छ) खण्ड (ङ) बमोजिमको सोचपत्र र रणनीतिक कार्ययोजनाको प्रस्तुतीकरण,

(ज) अन्तर्वार्ता

(३) उपदफा (२) बमोजिमका विषयगत आधारको अङ्क र सोको विस्तृत विवरण तथा छनोटका आधार अनुसूची-२ मा व्यवस्था भए बमोजिम हुनेछ।

(४) विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper) र विश्वविद्यालयको रणनीतिक कार्ययोजना (Strategic Action Plan) को मूल्याङ्कन विज्ञबाट मूल्याङ्कन गरिनेछ ।

९. **<u>छनौटको चरण</u>**ः (१) यस कार्यविधिको दफा ८ को खण्ड (क), (ख), (ग), (घ), (ङ) बमोजिम कायम हुन आएको अङ्कको आधारमा जम्मा प्राप्ताङ्क कायम गरी उच्चतम अङ्क प्राप्त गर्ने १० जना उम्मेदवारको अल्पसूचि (Short List) प्रकाशन गरिनेछ। साथै अल्पसूचीमा रहेका उम्मेदवारको सम्बन्धमा राय सुझावका लागि सार्वजनिक आह्वान गरिनेछ।

(२) दरखास्त पेश गरी स्वीकृत भएका उम्मेदवारको सङ्ख्या १० वा सो भन्दा कम भएमा सबैलाई मूल्याङ्कनका सबै चरणमा सहभागि गराइनेछ।

(३) दोस्रो चरणमा अल्पसूचीमा परेका उम्मेद्वारको विश्वविद्यालय सम्बन्धी सोचपत्र (Vision Paper) र रणनीतिक कार्ययोजना (Strategic Action Plan) को मूल्याङ्कन गरिनेछ र दफा १० बमोजिम सोचपत्र तथा कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्ता हुनेछ।

(४) विश्वविद्यालयको सोचपत्र र रणनीतिक कार्ययोजना एक जनाभन्दा बढि विज्ञबाट मूल्याङ्कन गर्नु पर्नेछ र मूल्याङ्कनकर्ताले प्रदान गरेको अङ्कलाई औषत निकालेर आवेदकले प्राप्त गरेको प्राप्ताङ्क निर्धारण गरिनेछ।

(५) विश्वविद्यालयको सोचपत्र र रणनीतिक कार्ययोजना मूल्याङ्कनको लागि आवेदकको नाम नखुल्ने गरी सोचपत्र र कार्ययोजनालाई दोहोरो कोडिङ गरिनेछ।

(६) उपदफा (५) बमोजिम कोडिङ गरिएका विश्वविद्यालयको सोचपत्र र रणनीतिक कार्ययोजनाको विज्ञबाट मूल्याङ्कन भए पश्चात शिलबन्दी गरी गोप्य रुपमा राखिनेछ र प्रस्तुतीकरण तथा अन्तर्वार्ता सम्पन्न भए पश्चात दफा १३ बमोजिम नाम सिफारिस गर्ने समयमा मात्र खोलिनेछ।

(७) किताब, अनुसन्धान तथा प्रकाशित कृति तथा लेखहरू मूल्याङ्कन गर्ने विज्ञ र प्रस्तुतीकरण तथा अन्तर्वार्तामा उपस्थित हुने विज्ञ छुट्टा छट्टै हुनेछन ।

(८) विश्वविद्यालयको सोचपत्रको र रणनीतिक कार्ययोजनाको मूल्याङ्कनको ढाँचा अनुसूची-३ मा व्यवस्था भए बमोजिम हुनेछ।

(९) यस दफा बमोजिम मूल्याङ्कन गरिएको कागजातहरु शिलबन्दी गरी गोप्य रुपमा राखिनेछ।

१०. **<u>प्रस्तुतीकरण तथा अन्तर्वार्ताः</u>** (१) दफा ९ को उपदफा (१) बमोजिम कायम भएका नामावलीका उम्मेदवारलाई पाँच दिनको समय दिई मन्त्रालयको वेवसाईट मार्फत सार्वजनिक सूचना प्रकाशन गरी दफा ८ को उपदफा (२) को खण्ड (छ) र (ज) बमोजिम प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि आमन्त्रण गरिनेछ। साथै यस सम्बधी सूचना उम्मेदवारले आवेदनका क्रममा उपलब्ध गराएको ईमेल वा फोन मार्फत जानकारी गराइनेछ।

(२) जुनसुकै कारणले पनि कुनै उम्मेदवार प्रस्तुतीकरण तथा अन्तर्वार्ताको तोकिएको मिति, स्थान र समयमा उपस्थित हुन नसकेमा निजलाई छनोट प्रक्रियामा समावेश गरिने छैन।विशेष अवस्थामा समितिको निर्णय बमोजिम कुनै उम्मेदवारलाई भर्चुअल प्रस्तुतीकरणका लागि अनुमति दिइनेछ।

(४) अन्तर्वार्ताकारले प्रदान गरेको अङ्कको औषत अङ्क कायम गरी प्राप्ताङ्क कायम हुनेछ।

(५) प्रस्तुतीकरणको मूल्याङ्कन सम्बन्धी अङ्क प्रदान गर्ने ढाँचा अनुसूची-४ मा व्यवस्था भए बमोजिम र अन्तर्वार्ताकारले प्रदान गर्ने अङ्कको ढाँचा अनुसूची-५ मा व्यवस्था भए बमोजिम हुनेछ।

११. **<u>उपसमिति गठन तथा सेवा लिन सक्नेः</u>** (१) समितिले उम्मेदवार छनोट तथा सिफारिस कार्यका लागि विज्ञ उपसमिति गठन गर्न वा यस सम्बन्धी कार्यका लागि कुनै विषय विज्ञ आमन्त्रण गरी सेवा लिन सक्नेछ। यसका लागि समितिले विज्ञहरूको समूह तयार गर्नेछ।

(२) समितिले उपदफा (१) बमोजिमको उपसमिति वा विज्ञलाई विश्वविद्यालयको सोचपत्र तथा रणनितिक कार्ययोजनाको मूल्याङ्कन विज्ञबाट गरिनेछ।

(३) समितिले कार्ययोजना तथा सोचपत्रको प्रस्तुतीकरण तथा अन्तरवार्ताको मूल्याङ्कन समितिका सदस्यको सहभागितामा विज्ञबाट गरिनेछ।

(४) उपदफा (२) बमोजिम उपसमिति गठन भएमा वा कुनै विज्ञ छनोट गर्नु पर्ने भएमा त्यस्तो उपसमितिमा रहने वा विज्ञको रुपमा आमन्त्रण हुने व्यक्ति विद्यावारिधिको शैक्षिक उपाधि प्राप्त स्वदेशी तथा विदेशी विश्वविद्यालयमा कार्यरत वा निवृत्त प्राध्यापकमध्येबाट छनोट गर्नु पर्नेछ।

(५) समितिले आफ्नो कार्य सम्पादनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका कर्मचारीबाट सेवा लिन सक्नेछ।

**१२. <u>मूल्याङ्कन प्रक्रियामा समावेश हुन नहुने</u>:** (१) समितिका कुनै सदस्य वा समितिबाट गठित उपसमिति वा कुनै विज्ञका नजिकका नातेदार भएको व्यक्तिले उपकुलपतिको पदमा दरखास्त पेश गरेको अवस्थामा त्यस्तो सदस्य वा विज्ञ मूल्याङ्कन प्रक्रियामा सहभागी हुनु हुदैन।

(२) उपदफा (१) बमोजिमको अवस्था परी आएमा समितिका अध्यक्ष तथा सदस्यको हकमा कुलपतिबाट र उपसमिति वा अन्य कुनै विज्ञको हकमा समितिबाट व्यवस्था भए बमोजिम हुनेछ।

**१३. <u>नाम सिफारिस</u>:** (१) समितिले प्रतिवेदन सहित उपकुलपति पदमा नियुक्तिको लागि उम्मेदवारको नाम कुलपति समक्ष सिफारिस गर्नेछ।

(२) समितिले उपदफा (१) बमोजिम नाम सिफारिस गर्दा प्राप्ताङ्कको आधारमा उच्चतम अङ्क प्राप्त गर्ने तीन जनाको नाम वर्णानुक्रम अनुसार कुलपति समक्ष सिफारिस गर्नेछ।

**१४. <u>खर्चसम्बन्धी व्यवस्था</u>:** समिति तथा उपसमिति वा विज्ञ वा कर्मचारीको बैठकसम्बन्धी, सूचना प्रकाशन, सचिवालय व्यवस्थापन र यस सम्बन्धमा हुने आवश्यक खर्च मन्त्रालयबाट नियमानुसार भुक्तानी हुनेछ।

**१५. <u>कागजपत्रको संरक्षण</u>:** समितिबाट सिफारिसको कार्य सम्पन्न भएपछि यससम्बन्धी सम्पूर्ण कागजात, प्रमाण तथा निर्णयहरू मन्त्रालयमा सुरक्षित राखिनेछ।

**१६. <u>सचिवालय</u>:** समितिको सचिवालय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा रहनेछ।

## अनुसूची-१

### (दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

### दरखास्तको ढाँचा

श्री अध्यक्षज्यू,

———.. विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिस समिति,

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,

सिँहदरबार, काठमाडौ।

**विषयः दरखास्त तथा कागजात पेश गरेको सम्बन्धमा।**

———.. विश्वविद्यालयको रिक्त उप-कुलपति पदमा नियुक्तिका लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। उपकुलपतिको पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव मसँग रहेको छ भने यो दरखास्त पेश गर्दा म कुनै राजनीतिक दलको सदस्य नरहेको, ———.. विश्वविद्यालयसँग मेरो कुनै संस्थागत स्वार्थ नबाझिएको र Plagiarism नगरेको स्वघोषणा गर्दै म उपकुलपति पदमा नियुक्तिको लागि सिफारिस भई नियुक्त भएको अवस्थामा प्रचलित कानुन बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

१. **सार्वजनिक निकायको नामः** ———..

२. **नियुक्ति हुन चाहेको पदः** उप-कुलपति

३. **दरखास्त पेश गर्ने व्यक्तिकोः**

(क) **व्यक्तिगत विवरणः**

नाम थर (देवनागरी):-

..............................................................................................................

ENGLISH

BLOCK LETTER———————————————

हाल कार्यरत संस्थाः..............................पद ——————

नेपाली नागरिकताको प्रमाण पत्र नं.:—————जारी मितिः——————..जिल्लाः–......——.

स्थायी ठेगानाः

अस्थायी ठेगानाः

जन्म मितिः ....................साल...................... महिना............... गते

सम्पर्क नम्बरः ..................इमेलः..................

**(ख) शैक्षिक योग्यताको विवरणः**

| क्र.स. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उपाधि प्राप्त गरेको साल | विषय | शीर्षक |
|---|---|---|---|---|---|
| १ | स्नातकोत्तर | | | | |
| २. | विद्यावारिधि | | | | |

**(ग) अनुभवः (पदाधिकारी भए सो समेत)**

| क्र. सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | | | | | |
| | | | | | |

**(घ) प्राज्ञिक अनुसन्धानमूलक परियोजना सम्बन्धी विवरण**

| क्र. सं. | परियोजनाको शीर्षक | परियोजना पेश गरेको निकाय | अनुसन्धान टोलीको नामावली* | परियोजना सम्पन्न गरेको मिति** | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

* आवेदकको भूमिका प्रमुख अनुसन्धानकर्ता वा सह-अनुसन्धानकर्ता के हो खुलाउनु पर्नेछ।

** परियोजना पेश गरेको निकायबाट उक्त परियोजना सम्पन्न भएको प्रमाणपत्रको प्रतिलिपि समावेश गर्नु पर्नेछ।

### (ङ) प्राज्ञिक अनुसन्धानमूलक लेख प्रकाशन सम्बन्धी विवरण

Ranked Journals (SCImago/Scopus Journal Ranking) ***

| क्र. सं. | लेखको शीर्षक | जर्नलको नाम र अङ्क | अनुसन्धानकर्ताको नाम | प्रकाशक | प्रकाशन मिति | कैफियत (SCImago Rank) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

*** For SCImago Rank, Visit: http://www.scimagojr.com

Peer-Reviewed Journals

| क्र. सं. | लेखको शीर्षक | जर्नलको नाम र अङ्क | अनुसन्धानकर्ताको नाम | प्रकाशक र देश | प्रकाशन मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

च) पुस्तक सम्बन्धि विवरण

| क्र. सं. | पुस्तकको शीर्षक | प्रकाशक | पुस्तक लेखकहरूको नाम | ISBN | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

(छ) संलग्न कागजात तथा विवरणः

(१) अनुसूचीको ढाँचामा निवेदन,

(२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(३) वैयक्तिक विवरण १ प्रति,

(१०) स्नातकोत्तर तथा विद्यावारिधि उपाधिको प्रमाणपत्रहरूको प्रतिलिपि (विदेशि विश्वविद्यालयवाट विद्यावारिधि उपाधि प्राप्त गरेको भए सो को नेपालको विश्वविद्यालय बाट समकक्षता प्राप्त गरेको)

(४) प्राध्यापकको हकमा शुरु नियुक्तिपत्रको प्रतिलिपि,

(५) उच्च शैक्षिक क्षेत्रको लागि कुनै किताब लेखेको भए सोका प्रतिहरु,

(६) खण्ड (घ) मा उल्लेखित परियोजना सम्पन्न गरेको प्रमाणपत्र,

(७) खण्ड (ङ) मा उल्लेखित लेखहरु,

(८) विश्वविद्यालय सम्बन्धी सोचपत्र (Vision Paper) र रणनितिक कार्ययोजना (Strategic Action Plan)-थान तीन,

(९) कुनै राजनितिक दलको सदस्य नरहेको, प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य नरहेको र plagiarism नगरेको तथा ————.. विश्वविद्यालयसँग कुनै किसिमको स्वार्थ नबाझिएको स्वघोषणा,

(१०) कार्यविधिको दफा ४, ६ र ८ मा उल्लिखित विषयमा अन्य केही भए सोको विवरण।

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| औंठा छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

दस्तखतः

नाम थरः

मितिः

सम्पर्क नम्बरः

**पुनश्चः** आवेदक भ्रष्टाचारजन्य, व्यक्तिगत आचरण सम्बन्धि लगायतका कुनै पनि अभियोग नलागेको सदाचारयुक्त हुनुपर्नेछ । कसैको त्यस प्रकारको उजुरी वा गुनासो प्राप्त भएमा त्यस्ता आवेदनलाइ अस्वीकार गर्न बाधा हुनेछैन । यस सम्बन्धि कुनै प्रश्न निरोपपण गर्नेक्रममा समितिले सरोकारवाला निकायहरूमा लेखि पठाई जाँच तहकिकात गर्न सक्नेछ।

## अनुसूची-२

## (दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

## योग्यता, अनुभव, सोचपत्र, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी अङ्क विभाजन

| योग्यता, अनुभव, सोचपत्र, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी व्यवस्था | अधिकतम अङ्कभार | अङ्क विभाजन र आधार |
|---|---|---|
| (क) प्राध्यापक पदमा कार्य अनुभव। | १० | मान्यता प्राप्त स्वदेशी तथा विदेशी विश्वविद्यालयमा प्राध्यापक पदमा कार्यानुभव भएको प्रत्येक वर्षको लागि दुई अङ्कका दरले अधिकतम १० अङ्क<br>द्रष्टव्यः यसमा वर्षको पूरा अङ्क र महिना भए बाह्र अङ्कले दुई अङ्कलाई भाग गरी आउने अङ्क उपलब्ध हुनेछ। दिनको अङ्क उपलब्ध हुने छैन। |
| (ख) स्वदेशी वा विदेशी विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारीको अनुभव हासिल गरेको। | ४ | प्रति वर्ष एक अङ्कका दरले बढीमा ४ वर्षको लागि अधिकतम ४ अङ्क।<br>द्रष्टव्य<br>(१) यसमा वर्षको पूरा अङ्क र महिना भए बाह्र अङ्कले दुई अङ्कलाई भाग गरी महिनाले गुणा गर्दा आउने अङ्क उपलब्ध हुनेछ। दिनको अङ्क उपलब्ध हुने छैन।<br>(२) आफू पदाधिकारी भएको व्यहोरा दरखास्तमा खुलाउनु पर्नेछ। त्यस्तो पद पदाधिकारीको पद भन्ने कानून सहित पेश नगरेको अवस्थामा यस खण्ड बमोजिमको अङ्क प्रदान हुने छैन। |

| | | |
|---|---|---|
| | | (३) यस खण्ड अन्तर्गत पदाधिकारी व्यक्तिको अनुभवको अङ्क प्रदान गर्दा कार्यसम्पादनको स्तरलाई समेत आधार बनाइनेछ । |
| (ग) पुस्तक लेखी आइएसबिएन प्राप्ति सहित सोको प्रकाशन गरेकोमा दुई वटासम्मको लागि | ५ | सम्बन्धित विषय वा उच्च शिक्षाका क्षेत्रमा किताव लेखे वापत प्रति किताव वापत दुई दशमलव पाँच अङ्कका दरले दुई वटासम्मको लागि ५ अङ्क।<br>द्रटब्यः<br>यसरी पुस्तक एकल रुपमा लेखेको प्रति पुस्तक दुई दशमलव पाँच अङ्कका दरले ५ अङ्क र संयुक्त रुपमा लेखेको भए दुई दशमलव पाँच अङ्कमा जतिजना भई लेखेको हो सोको दामासाही अङ्क। |
| (घ) उच्च शिक्षाको क्षेत्रमा प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सम्पन्न गरे वापत। | ६ | (१) उच्च शिक्षाको क्षेत्रमा क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको प्राज्ञिक अनुसन्धानमूलक परियोजना मुख्य अनुसन्धानकर्ता भइ सम्पन्न गरे वापत प्रति अनुसन्धान वापत तीन अङ्कका दरले दुई वटा अनुसन्धानको लागि ६ अङ्क, वा<br>(२) उच्च शिक्षाको क्षेत्रमा क्षेत्रमा राष्ट्रियस्तरको प्राज्ञिक अनुसन्धानमूलक परियोजना मुख्य अनुसन्धानकर्ता भइ भइ सम्पन्न गरे वापत प्रति अनुसन्धान वापत एक दशमलव पाँच अङ्कका दरले चार वटा अनुसन्धानको लागि ६ अङ्क।<br>(३) माथी खण्ड (१) र (२) बमोजिमको उच्च शिक्षाको क्षेत्रमा क्षेत्रको अनुसन्धानमा कसैले अन्तराष्ट्रिय |

| | | |
|---|---|---|
| | | अनुसन्धान वापत एक र राष्ट्रिय अनुसन्धानमा अन्य अनुसन्धान गरेको अवस्थामा अनुसन्धानमूलक परियोजना वापतको अङ्क प्राप्त गर्न बाधा पुग्ने छैन।<br>(४) माथि खण्ड (१), (२) र (३) बमोजिमको अनुसन्धान सदस्य भई अनुसन्धान सम्पन्न गरेकोमा त्यस्तो टोली सदस्यको सङ्ख्याले र अनुसन्धान परियोजना वापतको अङ्कलाई भाग गरी अनुसन्धानकर्ताको संख्याले भाग गरी हुन आउने दामासाही अङ्क प्रदान गरिने छ। |
| (ङ) उच्च शिक्षाको क्षेत्रमा अनुसन्धानमूलक लेख प्रकाशन | १० | (१)उच्च शिक्षाको क्षेत्रमा Ranked Journal मा अनुसन्धानमूलक लेख प्रकाशन गरे वापत अधिकतम ५ वटा लेखको लागि<br>SCImago Journal Ranking को Q-१ देखी Q-२ सम्ममा Single Author भए प्रति लेख २ अङ्क र Co-authors भए First Author लाई १ अङ्कका दरले र बाँकी Co-authors लाई बाँकी १ अङ्कको दामासाहीले प्राप्त हुने अङ्क<br>(२) SCImago Journal Ranking को Q-3 देखी Q-4 सम्ममा Single Author भए प्रति लेख १.५ अङ्क र Co-authors भए First Author लाई ०.७५ अङ्कका दरले र बाँकी Co-authors लाई बाँकी ०.७५ अङ्कको दामासाहीले प्राप्त हुने अङ्क<br>(३) Peer Reviewed Journal मा अनुसन्धानमूलक लेख प्रकाशन गरे वापत |

| | | |
|---|---|---|
| | | Single Author भए प्रति लेख १ अङ्क र Co-authors भए First Author लाई ०.५ अङ्कका दरले र बाँकी Co-authors लाई बाँकी ०.५ अङ्कको दामासाहीले प्राप्त हुने अङ्क |
| (च) विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper) मूल्याङ्कन | १५ | (१)विश्वविद्यालयको गुणस्तर अभिवृद्धि र प्रभावकारिता-२.५<br>(२)विश्वविद्यालयको सम्पत्तिको उपयोग, आर्जन र आत्मनिर्भरता-२.५<br>(३)स्कुल तथा कलेजहरूको सुदृढीकरण-२.५<br>(४)विश्वविद्यालयलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रुपमा विकास-२.५<br>(५)विश्वविद्यालयलाई वर्ल्ड र्याङ्किङमा एक हजारभित्र पर्न लिनु पर्ने कार्यनीति-२.५<br>(६)मानव संसाधन व्यवस्थापन सम्बन्धि कार्यनीति -२.५ |

| | | |
|---|---|---|
| (छ) विश्वविद्यालयको चार बर्षे रणनीतिक कार्ययोजना (Strategic Action Plan) मूल्याङ्कन | १० | (१) विश्वविद्यालयको विद्यमान अवस्था -२<br>(२) विद्यमान अवस्थामा देखिएका समस्या सहितको SWOT Analysis- २<br>(३) विश्वविद्यालयको अन्य विश्वविद्यालय तथा अन्य सम्बन्धित सरोकारवालाहरूसँगको अन्तरसम्बन्धको विश्लेषण -२<br>(४) रणनैतिक सुधार गर्नु पर्ने क्षेत्रहरुको पहिचान-२<br>(५) विश्वविद्यालयको अनुगमन र मूल्याङ्कन ढाचाँ सहितको ४ वर्ष अवधिको वार्षिक सुधार कार्ययोजना -२ |
| (ज) प्रस्तुतीकरण | २० | प्रस्तुतीकरणको मूल्याङ्कन अनुसूची ४ मा व्यवस्था भए बमोजिम हुनेछ। |
| (झ) अन्तर्वार्ता | २० | अन्तर्वार्ताको मूल्याङ्कन अनुसूची ५ मा व्यवस्था भए बमोजिम हुनेछ। |

**अनुसूची-३**

**खण्ड (क)**

**(दफा ९ को उपदफा (७) सँग सम्बन्धित)**

**विश्वविद्यालयसम्बन्धी सोचपत्र मूल्याङ्कन ढाँचा**

———.विश्वविद्यालयको उपकुलपति पदको लागि सिफारिस समितिबाट मिति २०८३।--।-- गते प्रकाशित सूचना अनुसार यस सिफारिस समितिमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालयसम्बन्धी सोचपत्र मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु।

**कोडः**

विश्वविद्यालयसम्बन्धी सोचपत्र

| **क्र.सं.** | **मूल्याङ्कनको आधारहरु** | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **कैफियत** |
|---|---|---|---|---|
| १. | विश्वविद्यालयको गुणस्तर अभिवृद्धि र प्रभावकारिता | २.५ | | |
| २. | विश्वविद्यालयको सम्पत्तिको उपयोग, आर्जन र आत्मनिर्भरता | २.५ | | |
| ३. | स्कुल तथा कलेजहरूको सुदृढीकरण | २.५ | | |
| ४. | विश्वविद्यालयलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रुपमा विकास | २.५ | | |
| ५. | विश्वविद्यालयलाई वर्ल्ड र्‍याङ्किङमा एक हजारभित्र पर्न लिनु पर्ने कार्यनीति | २.५ | | |
| ६. | मानव संसाधन व्यवस्थापन सम्बन्धि कार्यनीति - | २.५ | | |
| | | १५ | प्राप्ताङ्क अङ्कमाः | |
| | | | प्राप्ताङ्क अक्षरमाः | |

विश्वविद्यालयसम्बन्धी सोचपत्रको प्राप्ताङ्क -

अङ्कमाः

अक्षरमाः

**मूल्याङ्कनकर्ताको हस्ताक्षरः**

**नामः**

**मिति**

**अनुसूची-३**

**खण्ड (ख)**

**(दफा ९ को उपदफा (७) सँग सम्बन्धित)**

**विश्वविद्यालयसम्बन्धी रणनीतिक कार्ययोजना मूल्याङ्कन ढाँचा**

.............. विश्वविद्यालयको उपकुलपति पदको लागि सिफारिस समितिबाट मिति २०८३।--।-- गते प्रकाशित सूचना अनुसार यस सिफारिस समितिमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालयसम्बन्धी रणनीतिक कार्ययोजना मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु।

**कोडः**

विश्वविद्यालयसम्बन्धी रणनीतिक कार्ययोजना

| **क्र.सं.** | **मूल्याङ्कनको आधारहरु** | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **कैफियत** |
|---|---|---|---|---|
| १. | विश्वविद्यालयको विद्यमान अवस्था | २ | | |
| २. | विद्यमान अवस्थामा देखिएका समस्या सहितको SWOT Analysis | २ | | |
| ३. | विश्वविद्यालयको अन्य विश्वविद्यालय/ सरोकारवाला सँगको अन्तरसम्बन्धको विश्लेषण | २ | | |
| ४. | रणनैतिक सुधार गर्नु पर्ने क्षेत्रहरुको पहिचान | २ | | |
| ५. | विश्वविद्यालयको अनुगमन र मूल्याङ्कन ढाचाँ सहितको ४ वर्ष अवधिको वार्षिक सुधार कार्ययोजना | २ | | |

| | | |
|---|---|---|
| | १० | प्राप्ताङ्क अङ्कमाः |
| | | प्राप्ताङ्क अक्षरमाः |

विश्वविद्यालयसम्बन्धी रणनीतिक कार्ययोजनाको कुल प्राप्ताङ्क -

अङ्कमाः

अक्षरमाः

**मूल्याङ्कनकर्ताको हस्ताक्षरः**

**नामः**

**मितिः**

## अनुसूची-४

### (दफा १० को उपदफा (७) सँग सम्बन्धित)

### सोचपत्र र कार्ययोजनाको प्रस्तुतिकरणको मूल्याङ्कन ढाँचा

………………… विश्वविद्यालयको उपकुलपति पदको लागि सिफारिस समितिबाट मिति २०८३।--।-- गते प्रकाशित सूचना अनुसार यस शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय स्थित समितिको सचिवालयमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालयसम्बन्धी सोचपत्र र रणनीतिक कार्ययोजना प्रस्तुतिकरण मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु।

**आवेदकको नामः**

| क्र. सं. | मूल्याङ्कनको आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | प्रस्तुतीकरण शैली | ३ | | |
| २. | विश्वविद्यालय सम्बन्धी विषय बस्तुको पूर्णता | ४ | | |
| ३. | सोचपत्रको जानकारी  र समावेश भएको विषयवस्तु | ४ | | |
| ४ | कार्ययोजना (मानव संशाधन योजना समेत) बारेको ज्ञान र कार्यान्वयन ढाँचामा स्पष्टता) | ४ | | |
| ५. | तार्किक तथा विश्लेषणात्मक क्षमता | ४ | | |
| ६. | समय व्यवस्थापन | १ | | |
| कुल अङ्क | | २० | कुल प्राप्ताङ्क अङ्कमाः | |
| | | | कुल प्राप्ताङ्क अक्षरमाः | |

**मूल्याङ्कनकर्ताको हस्ताक्षरः**

**नामः**

पदः

मितिः

## अनुसूची-५

## (दफा १० को उपदफा (७) सँग सम्बन्धित)

## अन्तर्वार्ताको मूल्याङ्कन ढाँचा

..........................विश्वविद्यालयको उपकुलपति पदको लागि सिफारिस समितिबाट मिति २०८३।--।-- गते प्रकाशित सूचना अनुसार यस शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय स्थित समितिको सचिवालयमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालयसम्बन्धी अन्तीम चरणको अन्तर्वार्ताको क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु।

**आवेदकको नामः**

| क्र. सं. | मूल्याङ्कनको आधारहरु | पूर्णाङ्क २० | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | प्रस्तुतीकरण शैली | २ | | |
| २. | विषय बस्तुको ज्ञान (सम्वन्धित ऐन कानूहरू समेत) | ६ | | |
| ३. | नेतृत्व क्षमता | ५ | | |
| ४ | समस्या र समाधान गर्ने क्षमता | ३ | | |
| ३. | विश्लेषणात्मक क्षमता | ३ | | |
| ४. | समय व्यवस्थापन | १ | | |
| कुल अङ्क | | २० | कुल प्राप्ताङ्क अङ्कमाः<br>कुल प्राप्ताङ्क अक्षरमाः | |

**अन्तर्वार्ताकारको हस्ताक्षरः**

नामः

पदः

मितिः